# जलवायु परिवर्तन स्थानीय अनुकूलन (परियोजना सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

कार्यविधि स्वीकृत मितिः २०८२/०५/१०

**प्रस्तावनाः** नेपाल सरकार र फिनल्यान्ड सरकारको संयुक्त वित्तीय लगानी तथा युरोपियन युनियनको सह-आर्थिक अनुदानमा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) कार्यान्वयन गर्न नेपाल सरकार र फिनल्यान्ड सरकार बीच २१ मे २०२४ मा सम्झौता भएको छ । उक्त परियोजना कार्यान्वयनका लागि स्वीकृत परियोजना दस्तावेजमा भएको ब्यबस्था बमोजिम तीन तहका सरकार बीच (नेपाल सरकार, सुदूरपश्चिम र कर्णाली प्रदेश तथा छनौट गरिएका स्थानीय तह) जलवायु उत्थानशिल तथा यसका असर न्यूनीकरणमा सहयोग गर्ने उद्देश्यले भूमि उपयोग योजना तथा व्यवस्थापन, एकीकृत जलस्रोत व्यवस्थापन,वन पैदावर स्रोत व्यवस्थापन, वातावरणीय संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रममा प्रत्यक्ष सहयोग पुर्याउने कार्यक्रम संचालन गर्दै यस परियोजनालाई व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६५ (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "जलवायु परिवर्तन स्थानीय अनुकूलन (परियोजना सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपभोक्ता समिति" भन्नाले परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुने योजनाका लाभग्राहीहरूले गठन गरेको समितिलाई सम्झनु पर्दछ ।

(ख) "परियोजना" भन्नाले जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनालाई सम्झनु पर्दछ ।

(ग) "परियोजना व्यवस्थापन समिति" भन्नाले दफा १६ बमोजिम परियोजना लागू भएका स्थानीय तहमा परियोजना कार्यान्वयनका लागि गठित समितिलाई सम्झनु पर्दछ ।



सहसचिव

(घ) "परियोजना समन्वय एकाई" भन्नाले दफा १३ बमोजिम मन्त्रालयमा रहने परियोजना समन्वय गर्न तोकिएको शाखा सम्झनु पर्दछ ।

(ङ) "परियोजना समन्वय कार्यालय" भन्नाले दफा १४ (४) बमोजिमको परियोजनाको कार्यालयलाई सम्झनु पर्दछ

(च) "परियोजना सहयोग एकाई" भन्नाले दफा १५ बमोजिम स्थापना भएको परामर्शदाता संस्थाका प्राविधिक सहयोग टोलीको कार्यालय सम्झनु पर्दछ ।

(छ) "प्रदेश समन्वय समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(ज) "प्राविधिक समन्वय समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्दछ ।

(ञ) "विकास साझेदार" भन्नाले फिनल्याण्ड सरकार र यूरोपियन युनियनलाई सम्झनु पर्दछ ।

(ट) "सुपरिवेक्षण समिति" भन्नाले दफा ११ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

३. <u>कार्यविधिको उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छः

(क) परियोजना कार्यान्वयनमा सामन्जस्यता तथा एकरुपता कायम गर्नु,

(ख) परियोजना लागू हुने कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका स्थानीय तहलाई परियोजना कार्यान्वयनका लागि मार्गदर्शन उपलब्ध गराउनु,

(ग) कार्यक्रम सञ्चालन हुने स्थानीय तह छनौटका आधार निर्धारण गर्नु,

(घ) परियोजनाको कार्यान्वयन, बजेट विनियोजन, खर्च व्यवस्थापन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्नु,

(ङ) परियोजना कार्यान्वयनको प्रभावकारीता अभिवृद्धिका लागि परियोजना सम्बद्ध संस्थागत गर्नु,

(च) कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको भूमिका स्पष्ट गर्नु ।

सहसचिव

## परिच्छेद २

## परियोजनाको कार्यक्षेत्र तथा स्थानीय तह छनौट

४. **भौगोलिक कार्यक्षेत्र:** यो कार्यविधि प्रारम्भ हुनु अघि परियोजना दस्तावेजमा भएको व्यवस्था बमोजिम छनौट भएका र कार्यविधिको दफा (६) र (७) बमोजिम छनौट हुने कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशका स्थानीय तहमा यो परियोजना लागू हुनेछ।

५. **विषयगत कार्यक्षेत्र:** (१) यस परियोजना मार्फत प्राप्त हुने अनुदान तथा सहलगानीको रकम सम्बन्धित स्थानीय तहले निम्न क्षेत्र (Sector) का कार्यक्रम तथा आयोजनामा उपयोग गर्नु पर्नेछ ।

(क) खानेपानी तथा सरसफाई,

(ख) विपद् संवेदनशील भू-उपयोग,

(ग) जलवायु परिवर्तन अनुकूलन मैत्री कृषि तथा पशुपालन विकास, विस्तार र बजारीकरण ,

(घ) जलाधार संरक्षण तथा सिँचाई,

(ङ) जीविकोपार्जन, दिगो उत्पादन र उपयोग एवम् साना तथा मझौला उद्यम,

(च) जैविक विविधता, वातावरण संरक्षण तथा सामुदायिक वन व्यवस्थापन एवम् उद्यमशिलता,

(छ) वातावरणमैत्री विद्यालय प्रर्वद्धन,

(ज) सुधारिएको पानीघट्ट, चुलो जस्ता नवीकरणीय ऊर्जा प्रर्वद्धन,

(झ) विपद् जोखिम न्यूनीकरण व्यवस्थापन,

(२) उपदफा (१) बमोजिमका भौतिक पूर्वाधार विकासका आयोजना तथा क्रियाकलाप सञ्चालन गर्दा जलवायु उत्थानशीलता, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण, दिगोपन, जवाफदेहिता तथा वातावरणमैत्री स्थानीय शासन सुनिश्चित हुने गरी गर्नु पर्नेछ ।

**६. स्थानीय तहको छनौटका आधार:**

(१) मन्त्रालयले उपलब्ध स्रोतको आंकलन तथा द्विपक्षीय सम्झौता समेतको आधारमा कार्यक्रम सञ्चालन हुने स्थानीय तह एकीन गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तह छनौट देहायबमोजिमका आधारमा गरिनेछ।

क. दफा ४ बमोजिमको भौगोलिक कार्यक्षेत्र भित्रका स्थानीय तह,

ख. खानेपानी तथा सरसफाइको पहुँच न्यून भएका स्थानीय तह,

सहसचिव

ग. मन्त्रालय अन्तर्गत नेपाल सरकारको स्रोतमा मात्र सञ्चालति कार्यक्रमबाहेक विकास साझेदारको सहयोगमा सञ्चालित स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) वा युरोपेली यूनियन तथा फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित सबैको लागि खानेपानी तथा सरसफाइ आयोजना (SUSWA) वा यस्तै समान प्रकृतिका परियोजनाहरु कार्यान्वयनको लागि छनौट नभएको ।

घ. यस कार्यविधि बमोजिम स्थानीय तहले गर्नु पर्ने लागत साझेदारीको पूँजीगत शीर्षकमा कम्तिमा बीस प्रतिशत अंश लगानी सुनिश्चित भएको,

(३)स्थानीय तह छनौटको विस्तृत आधार र अङ्कभार अनूसुचि -१ बमोजिम हुनेछ।

## ७. प्रस्ताव आह्वान र स्थानीय तह छनौटको प्रक्रिया:

(१) कार्यक्रम सञ्चालन हुने स्थानीय तह छनौटको लागि मन्त्रालयले दफा ४ बमोजिमको कार्यक्षेत्रभित्रका स्थानीय तहबाट प्रस्ताव आव्हान गर्नेछ । प्रस्ताव आव्हान ढाँचा अनूसुची -२ र स्थानीय तहले प्रस्ताव पेश गर्ने ढाँचा अनूसुची -३ बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्ने स्थानीय तहको दफा ६ बमोजिमको आधारमा परियोजना सहयोग एकाईले अध्ययन विश्लेषण गरी परियोजना समन्वय एकाईमा प्रतिवेदन सहित पेश गर्नेछ ।यसरी प्राप्त विवरणका सम्बन्धमा दफा ११ बमोजिमको समितिले आवश्यक संख्यामा कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह छनौट गर्नेछ ।

(३) उपदफा २ बमोजिम छनौट भएका स्थानीय तहलाई मन्त्रालयले छनौट भएको सूचित गराउने छ। छनौट भएका स्थानीय तहसंग मन्त्रालयले अनुसुची -४ बमोजिम सम्झौता गर्नेछ ।

(४) यस कार्यविधि लागु हुन पूर्व पहिलो चरणमा परियोजना दस्तावेजमा भएको व्यवस्था बमोजिम छनौट भई कार्यक्रम कार्यान्वयन भएका स्थानीय तह अनूसुची -५ मा उल्लेख भए बमोजिम रहेका छन् ।

सहसचिव

## आयोजना तथा कार्यक्रम छनौट, बजेट विनियोजन र कार्यान्वयन

८. आयोजना तथा कार्यक्रम छनौटः (१) परियोजना सञ्चालनको लागि दफा ७ को उपदफा (२) र(४) बमोजिम छनौट भएका स्थानीय तहले आगामि आर्थिक वर्षमा कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रमको प्रस्ताव माघ मसान्तभित्र परियोजना सहयोग एकाई मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

तर, आर्थिक वर्ष ०८२/०८३ को हकमा परियोजना लागु भएका स्थानीय तहबाट आयोजना तथा कार्यक्रम र बजेट पेश गर्नका लागि परियोजना सहयोग एकाईले अनुसूचि -६ बमोजिमको ढाँचामा श्रावण मसान्तभित्र प्रस्ताव माग गर्नेछ र स्थानीय तहले भाद्र १५ गतेभित्र प्रस्ताव पेश गरिसक्नु पर्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम र बजेट दफा ५ बमोजिमका विषयक्षेत्रमा पर्ने गरी देहायका विषयलाई ध्यान दिई अनुसूचि -६ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

क. प्रस्तावित आयोजना तथा कार्यक्रम र बजेट मध्यमकालिन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको,

ख. आयोजना तथा कार्यक्रम प्रस्तावका लागि प्राथमिकता निर्धारण गर्दा स्थानीय तहले जल उपयोग गुरु योजना, स्थानीय अनुकूलन कार्य योजना, खानेपानी तथा सरसफाई योजना, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना, विद्यालय क्षेत्र सुधार सँग सम्बन्धित योजना र स्थानीय कृषि विकास रणनीति योजना तथा परियोजना नतिजा रणनीतिलाई आधार मानी प्रस्ताव पेश भएको,

ग. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा लाभग्राही, उपभोक्ता समूह, अन्य परियोजना तथा कार्यक्रम एवं अन्य सरकारी तथा गैह्रसरकारी निकायका कार्यक्रमसँग साझेदारी गर्न प्राथमिकता दिइएको ।

घ. प्रस्तावित आयोजना तथा कार्यक्रम स्थानीय प्राथमिकता प्राप्त क्षेत्र, वातावरण संरक्षण, प्रादेशिक तथा राष्ट्रिय प्राथमिकताको क्षेत्र, दिगो तथा समावेशी विकास, स्थानीय रोजगारी सिर्जना तथा सामाजिक आर्थिक रुपान्तरणलाई प्रत्यक्ष सहयोग पुऱ्याउने,

(२) उपदफा (१) बमोजिम प्राप्त भएका प्रस्ताव परियोजना सहयोग एकाईले अध्ययन विश्लेषण सहित परियोजना समन्वय एकाई समक्ष पेश गर्नेछ ।

(३) परियोजना समन्वय एकाईले आयोजना तथा कार्यक्रम र बजेट अध्ययन गरी प्राविधिक समिति समक्ष पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको आयोजना तथा कार्यक्रम र बजेट प्राविधिक समितिले आवश्यक अध्ययन सहित स्वीकृतीको लागि सुपरिवेक्षण समितिमा पेश गर्नेछ ।

सहसचिव

(५) सुपरिवेक्षण समितिबाट स्वीकृत भएका आयोजना तथा कार्यक्रम र बजेट मन्त्रालयले प्रचलित कानून र द्विपक्षीय सम्झौता बमोजिम सम्बन्धित स्थानीय तहलाई सर्सत अनुदान दिनेछ।

९. <u>आयोजना तथा कार्यक्रम कार्यान्वयन:</u> (१) स्थानीय तहमा कार्यान्वयनको लागि छनौट भएका आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले प्रचलित कानून, द्विपक्षीय सम्झौता तथा यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

(२) स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम वार्षिक कार्ययोजना बनाई लागु गर्नु पर्नेछ ।

(३) स्थानीय तहले उपभोक्ता समिति परिचालन मार्फत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्गको अर्थपूर्ण सहभागिता, पारदर्शिता, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता विधि अपनाउनु पर्नेछ ।

(४) आयोजना तथा कार्यक्रम कार्यान्वयनका हरेक चरण र निर्णय प्रकृयामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणलाई विशेष ध्यान दिनुपर्नेछ।

(५) यस परियोजना अन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा आयोजना मन्त्रालयबाट सञ्चालित नेपाल सरकार स्रोतका अन्य कार्यक्रमसँग साझेदारी गरी सञ्चालन गर्न छनौट भएको अवस्थामा उक्त कार्यक्रम कार्यान्वयनको कार्यविधिमा भएको व्यवस्था समेत पालना गर्नु पर्नेछ।

सहसचिव

## परिच्छेद-४

## वित्तीय व्यवस्थापन

१०. **वित्तीय व्यवस्थापनः** (१) परियोजनाको वित्तीय व्यवस्थापन नेपाल सरकार र फिनल्यान्ड सरकार बीच भएको द्विपक्षीय सम्झौता बमोजिम क्रमश वित्तीय हस्तान्तरण र स्थानीय तहको सञ्चित कोषमा सोझै हस्तान्तरण प्रक्रिया मार्फत हुनेछ।

(२) स्थानीय तहमा आयोजना तथा कार्यक्रम र बजेट सञ्चालन गर्नका लागि फिनल्यान्ड सरकार (युरोपियन यूनियन समेत) मार्फत प्राप्त हुने अनुदान सम्बन्धित स्थानीय तहमा परियोजना सहयोग एकाई मार्फत हस्तान्तरण (सोझै भुक्तानी) हुनेछ।

(३) नेपाल सरकारले प्रदान गर्ने सहलगानीको अंश वित्तीय हस्तान्तरण मार्फत उपलब्ध हुनेछ। यस परियोजना अन्तर्गत कार्यान्वयन हुने गरी नेपाल सरकारको तर्फबाट गर्नुपर्ने सहलगानीको अंश मन्त्रालय अन्तर्गत नेपाल सरकार स्रोतबाट सञ्चालित कार्यन्वयनको विषयक्षेत्र मिल्ने अन्य कार्यक्रमबाट समेत गर्न सक्नेछ।

(४) यस परियोजना अन्तर्गत आयोजना तथा कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले कम्तिमा दश प्रतिशत र स्थानीय लाभग्राहीबाट समेत कम्तिमा दश प्रतिशत लागत साझेदारी हुने सुनिश्चित गर्नुपर्नेछ। स्थानीय लाभग्राहीबाट हुने लागत साझेदारीको अंश श्रमदानबाट समेत जुटाउन सकिनेछ।

(५) आर्थिक वर्ष सम्पन्न भए पश्चात, सङ्घीय सरकारबाट निकासा भएका वा फिनल्याण्ड सरकारबाट सोझै भुक्तानी प्राप्त भई खर्च हुन नसकेको वजेट प्रचलित कानून बमोजिम हुनेछ ।

(६) परियोजना कार्यान्वयनका लागि द्विपक्षीय सम्झौता बमोजिम नेपाल सरकार र स्थानीय तहबाट गर्नुपर्ने लागत साझेदारीको अंशलाई जम्मा लागत मानी सङ्घ, प्रदेश र स्थानीय तहमध्येको लगानीलाई कुल लागत साझेदारीको अंश मानिनेछ।

## परिच्छेद - ५

## परियोजना व्यवस्थापन तथा संस्थागत व्यवस्था

११. **सुपरिवेक्षण समितिः** (१) परियोजनाको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन आवश्यक समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको सुपरिवेक्षण समिति रहनेछ ।

(क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सचिव - अध्यक्ष



सहसचिव

(ख) योजना तथा विकास सहायता समन्वय महाशाखा प्रमुख/NPD - सहअध्यक्ष

(ग) सुदूरपश्चिम प्रदेशको विषयगत मन्त्रालय, सचिव - सदस्य

(घ) कर्णाली प्रदेशको विषयगत मन्त्रालय, सचिव - सदस्य

(ङ) खानेपानी मन्त्रालय, सहसचिव - सदस्य

(च) वन तथा वातावरण मन्त्रालय, सहसचिव - सदस्य

(छ) भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहसचिव - सदस्य

(ज) अर्थ मन्त्रालयका सहसचिव/उपसचिव - सदस्य

(झ) फिनल्यान्ड सरकार (फिनल्यान्ड दूतावास), प्रतिनिधि - सदस्य

(ञ) युरोपियन युनियन, प्रतिनिधि - सदस्य

(ट) मन्त्रालयको वातावरण तथा विपद् समन्वय शाखा प्रमुख - सदस्य सचिव

सुपरिवेक्षण समितिले परियोजना टिमलिडर सहित आवश्यकता अनुसार अन्य सहभागीहरू आमन्त्रण गर्न सक्नेछ ।

(२) सुपिरवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नीतिगत क्षेत्रमा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः

(१) परियोजनासँग सम्बन्धित नीतिगत तथा रणनीतिक विषयहरू स्वीकृत गर्ने।

(२) परियोजना दस्तावेजमा हुने कुनै पनि परिवर्तनहरू (जस्तै, कार्यक्षेत्र र उद्देश्यहरू, संस्थागत संरचना तथा व्यवस्थापन, तथा अन्य आर्थिक रुपमा प्रभाव पार्ने संशोधनहरू) स्वीकृत गर्ने।

(३) प्राविधिक समन्वय समिति मार्फत पेश भएको वार्षिक कार्य योजना, प्रतिवेदन तथा बजेट स्वीकृत गर्ने।

(४) परियोजना जोखिम मुल्यांकन योजना स्वीकृत गर्ने, जोखिम मूल्यांकन तथा त्यसको न्यूनीकरण/समाधानका लागि आवश्यक पहल गर्ने।

(५) नेपाल सरकारका अधिकार प्राप्त निकाय तथा दातृ निकायहरूबाट प्राप्त परियोजना मूल्यांकन प्रतिवेदन तथा सिफारिसहरूको समीक्षा गरी, आवश्यक सुझाव/राय प्रदान



सहसचिव

गर्ने र सिफारिस अनुसारका विषयहरू समेटी प्रतिवेदनहरू अन्तिम रुप दिई स्वीकृति प्रदान गर्ने ।

(ख) परियोजनाको वार्षिक कार्यक्रम तयार गर्न लगाउने, स्वीकृत गर्ने, कार्यान्वयन गराउने तथा प्रगति प्रतिवेदन नियमित गराउने,

(ग) परियोजना संचालनको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी स्वीकृत गर्ने,

(घ) परियोजनाको लक्ष्य प्राप्तिमा केन्द्रित रही स्थानीय तहलाई वार्षिक कार्यक्रम तयार गर्न, स्वीकृत कार्यक्रमको कार्यान्वयन गराउन, तथा प्रगति प्रतिवेदन नियमित गराउन आवश्यक निर्देशन दिने र समग्र प्रगति अनुगमन गर्ने ।

(ङ) सुपिरवेक्षण समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ। एक बैठक र अर्को बैठकको समय छ महिना भन्दा बढी हुनेछैन। बैठक सञ्चालन, निर्णय प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. <u>प्राविधिक समन्वय समिति तथा काम कर्तव्य र अधिकार</u> (१) तीन तहको सरकारबीच समन्वय, अनुभव आदानप्रदान र सहकार्य गर्नुका साथै कार्यक्रमको दोहोरोपना हटाउन संघीय स्तरमा देहाय बमोजिमको एक प्राविधिक समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) राष्ट्रिय परियोजना निर्देशक/ सहसचिव, मन्त्रालय | - अध्यक्ष |
| (ख) अर्थ मन्त्रालय, उपसचिव | - सदस्य |
| (ग) खानेपानी मन्त्रालय, उपसचिव | - सदस्य |
| (घ) वन तथा वातावरण मन्त्रालय, उपसचिव | - सदस्य |
| (ङ) कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, उपसचिव | - सदस्य |
| (च) मन्त्रालयको वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | - सदस्य |
| (छ) परियोजना टीमलिडर | - सदस्य सचिव |

(२) प्राविधिक समन्वय समितिले फिनल्यान्ड सरकार (फिनल्यान्ड दूतावास) प्रतिनिधि र युरोपियन युनियनको प्रतिनिधि सहित आवश्यकता अनुसार अन्य सहभागीहरू आमन्त्रण गर्न सक्ने छ। बैठक सञ्चालन, निर्णय प्रक्रिया समिति आफैंले तय गरेबमोजिम हुनेछ।

(३) प्राविधिक समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क. परियोजनाको कार्यान्वयन वार्षिक कार्ययोजना तर्जुमा गरी सुपरिवेक्षण समितिमा पेश गर्ने,



सहसचिव

ख. सुपरिवेक्षण समितिको छलफल तथा निर्णयका लागि एजेण्डा तयार गरी प्रस्ताव गर्ने,

ग. परियोजना कार्यान्वयनमा तीन तहका सरकार बीच समन्वय र सहकार्यका लागि आवश्यक कार्य गर्ने,

घ. परियोजना कार्यान्वयनसँग सम्बन्धित नीति, कार्यक्रम र बजेट बीच तादम्यता कायम गर्न सहजीकरण गर्ने,

ङ. परियोजना सञ्चालन हुने स्थानीय तहको छनौटका लागि सुपरिवेक्षण समिति समक्ष पेश गर्ने,

च. स्थानीय तहबाट प्रस्ताव भएका आयोजना तथा कार्यक्रम छनौट गरी सुपरिवेक्षण समिति समक्ष पेश गर्ने,

छ. परियोजनाको समयवद्ध नतिजा प्राप्तिका लागि अनुगमन, मुल्याङ्कन र प्रतिवेदन कार्यान्वयन गर्ने गराउने ।

ज. सुपरिवेक्षण समितिले तोकेका अन्य काम कारवाहि गर्ने ।

**१३. परियोजना समन्वय एकाईः** (१) परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि निकायगत समन्वय र सहजीकरणका लागि मन्त्रालयमा एक परियोजना समन्वय एकाई रहनेछ।

(२) मन्त्रालयले परियोजना समन्वय एकाईको संगठनिक संरचना र अस्थायी दरबन्दी स्वीकृत नगरेसम्मका लागि मन्त्रालयको मौजुदा संरचनाबाट परियोजना समन्वय एकाई सञ्चालन गरिनेछ।

(३) परियोजना समन्वय एकाईको जिम्मेवारी देहाय बमोजिमको हुनेछः

क. परियोजनाको नीति, रणनीति, वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना, अनुगमन तथा मूल्याङ्कन र सोको प्रतिवेदन कार्यान्वयन गराउने,

ख. परियोजना सहयोग एकाईको काम कारवाहीलाई सहजीकरण गर्न सुपरिवेक्षण समिति र प्राविधिक समितिको निर्णयलाई कार्यान्वयन गराउने,

ग. राष्ट्रिय परियोजना निर्देशकलाई आवश्यक प्रशासनिक सहजीकरण गर्ने,

घ. परियोजनाको सम्पर्क कार्यालयको रुपमा काम गर्ने,

ङ. सुपरिवेक्षण समितिको सचिवालयको रुपमा काम गर्ने ।

**१४. <u>प्रदेश समन्वय समितिः</u>** (१) परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेशस्तरमा समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको प्रदेश समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रदेशको खानेपानी तथा सरसफाईसँग सम्बन्धित मन्त्रालय, सचिव | - अध्यक्ष |
| (ख) उद्योग, पर्यटन, वन तथा वातावरण सँग सम्बन्धित मन्त्रालय, प्रतिनिधि | - सदस्य |
| (ग) भूमि व्यवस्था, कृषि तथा सहकारी सँग सम्बन्धित मन्त्रालय, प्रतिनिधि | - सदस्य |



सहसचिव

(घ) परियोजना समन्वय एकाई, प्रतिनिधि - सदस्य

(ङ) परियोजना डेपुटी टिम लिडर - सदस्य

(च) अध्यक्षले तोकेको प्रदेश मन्त्रालयको अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

(२) प्रदेश सरकारले लागत साझेदारी गरेको बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्नु अघि र बार्षिक प्रगति समीक्षा गर्नको लागि प्रदेश समन्वय समितिको बैठक बस्नेछ ।

(३) प्रदेश समन्वय समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछः

क. कार्यविधिमा भएको व्यवस्था बमोजिम प्रदेशको लागत साझेदारीको क्षेत्र र अंश यकिन गर्ने,
ख. स्थानीय तहलाई वार्षिक बजेट तथा कार्यक्रम छनौट र कार्यान्वयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,
ग. परियोजना कार्यान्वयनमा प्रदेश सरकार अन्तर निकाय समन्वय र सहकार्य गर्ने,
घ. परियोजनाको वार्षिक प्रगती समीक्षा गर्ने,
ङ. परियोजना समयवद्ध नतिजा प्राप्तिका लागि अनुगमन, मुल्याङ्कन र प्रतिवेदनका कार्यान्वयनमा सहजीकरण गर्ने ।
च. परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्राविधिक समिति र सुपरिवेक्षण समितिले गरेका निर्णयहरु कार्यान्वयनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

(४) प्रदेश समन्वय समितिको अध्यक्ष कार्यरत मन्त्रालयले परियोजना समन्वय कार्यालय र समितिको सचिवालयको रुपमा कार्य गर्नेछ। सचिवालयको संगठनिक संरचना र अस्थायी दरबन्दी स्वीकृत नगरेसम्मका लागि प्रदेश मन्त्रालयको मौजुदा संरचनाबाट सचिवालय सञ्चालन गरिनेछ।

१५. <u>परियोजना सहयोग एकाईः</u> (१) परियोजनाका लक्ष्य, उद्देश्य र नतिजा प्राप्तिमा केन्द्रित रही परियोजना प्रभावकारी व्यवस्थापनका लागि प्राविधिक सहयोग प्रदान गर्न सुर्खेतको वीरेन्द्रनगरमा परियोजना सहयोग एकाई रहनेछ।

(२) परियोजना सहयोग एकाईका काम, कर्तव्य देहायबमोजिम रहेका छन्:

क. परियोजना सञ्चालनको लागि आवश्यक नीति, रणनीति, निर्देशिका, कार्यविधि, मापदण्ड, कार्यक्रम कार्यान्वयन कार्ययोजनाको मस्यौदा, सहयोगी पुस्तिका, नमुना ढाँचा तथा प्राविधिक विवरण तयार गरी परियोजना समन्वय एकाइमा पेश गर्ने,
ख. सुपरिवेक्षण समिति, प्राविधिक समिति, राष्ट्रिय परियोजना निर्देशक, मन्त्रालय र प्रदेश समन्वय समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

सहसचिव

ग. आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको छनौट गर्न आधार र मापदण्ड बमोजिम मूल्याङ्कन गरी परियोजना समन्वय एकाइमा पेश गर्ने,

घ. छनौट भएका स्थानीय तहको वार्षिक आयोजना तथा कार्यक्रम र बजेट निर्माणमा आवश्यक सहजीकरण गरी एकीकृत बजेट तथा कार्यक्रम परियोजना समन्वय एकाइमा पेश गर्ने,

ङ. छनौट भएका स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रमको समयबद्ध र गुणस्तरीय कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने,

च. स्थानीय तहमा परियोजना अन्तर्गत कार्यान्वयमा रहेका कार्यक्रम तथा आयोजनाको अनुगमन एवम् मूल्याङ्कन, लेखापालन र प्रतिवेदन तयारीमा प्राविधिक सहजीकरण गरी एकीकृत प्रतिवेदन परियोजना समन्वय एकाइमा पेश गर्ने,

छ. परियोजना सहयोग एकाईको वार्षिक बजेट तथा कार्यक्रम सुपेरीवेक्षण समितिबाट अनुमोदन गराउने।

१६. <u>परियोजना व्यवस्थापन समितिः</u> (१) छनौट भएका स्थानीय तहमा परियोजना सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम परियोजना व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख/अध्यक्ष | अध्यक्ष |
| उपप्रमुख/उपाध्यक्ष | सदस्य |
| कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य (महिला) | सदस्य |
| पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| परियोजना प्राविधिक सहायता सल्लाहकार | सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार परियोजना अधिकृत, सम्बन्धित बिषयगत एकाई/शाखा प्रमुख तथा अन्य सहभागीहरू आमन्त्रण गर्न सक्नेछ।

(३) परियोजना व्यवस्थापन समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । बैठक सञ्चालन सम्बन्धी कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**(४) परियोजना व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः**

क. सुपरिवेक्षण समितिको निर्णय,राष्ट्रिय परियोजना निर्देशक र मन्त्रालयको निर्णय कार्यान्वयन गर्ने,

ख. स्थानीय तह र उपभोक्ता समितिबाट गरिने लागत साझेदारी सुनिश्चित गर्ने,



सहसचिव

ग. स्थानीय तहको वार्षिक कार्यक्रम, क्रियाकलाप तथा आयोजना कार्यपालिकाबाट स्वीकृत गराई परियोजना सहयोग एकाई मार्फत मन्त्रालयमा पेश गर्ने,

घ. वार्षिक बजेट तथा कार्यक्रम मन्त्रालय र स्थानीय तहबीच भएको समझदारी पत्र र प्रचलित कानून बमोजिम कार्यान्वयन गर्ने गराउने,

ङ. वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन, लेखापालन र प्रतिवेदन तोकिए बमोजिम ढाँचा र प्रक्रियामा राख्ने व्यवस्था मिलाउनुका साथै सार्वजनिक परीक्षण गरी परियोजना सहयोग एकाई मार्फत मन्त्रालयमा प्रतिवेदन गर्ने,

च. परियोजना कार्यान्वयनका लागि अन्य कार्य गर्ने गराउने।

## परिच्छेद - ६

## लेखा व्यवस्थापन, लेखापरीक्षण तथा प्रतिवेदन

१७. **लेखा व्यवस्थापन तथा प्रतिवेदनः** (१) स्थानीय तहले कार्यक्रमको आर्थिक कारोबारको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कार्य प्रगति प्रतिवेदन तयार गरी प्रचलित कानून बमोजिम मासिक, त्रैमासिक र वार्षिक रूपमा पेश गर्नुपर्नेछ ।

(३) प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ ।

(४) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गराई लेखापरीक्षण प्रतिवेदन परियोजना सहयोग एकाई मार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(५) लेखा परीक्षणबाट औंल्याइएको बेरुजु तथा कैफियतहरूको फछ्र्यौट गर्ने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ ।

(६) परियोजना सहयोग इकाइले प्राविधिक सहायता तर्फको प्रगति प्रतिवेदन तयार गरी त्रैमासिक र वार्षिक रूपमा परियोजना समन्वय एकाई मार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(७) नेपाल सरकार तथा विकास साझेदारले परियोजनाको आवश्यकता अनुसार तेस्रो पक्षमार्फत मूल्याङ्कन, लेखापरीक्षण वा अनुसन्धान गराउन सक्नेछ।

सहसचिव

## परिच्छेद - ७

## अनुगमन तथा मूल्याङ्कन

१८. <u>अनुगमन तथा मूल्याङ्कन:</u> (१) सुपरिवेक्षण समिति, मन्त्रालय तथा परियोजना समन्वय एकाईले आवश्यकता अनुसार परियोजना सहयोग एकाई र स्थानीय तहमा परियोजनाको कार्यान्वयन प्रगति, वस्तुस्थिति बारेमा स्थलगत अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको अनुगमनको एकीकृत प्रतिवेदन तयार गरी परियोजना सहयोग एकाईले परियोजना समन्वय एकाई मार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(३) प्राविधिक समन्वय समिति, प्रदेश समन्वय समिति तथा परियोजना सहयोग एकाईले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्न सक्नेछन् ।

(४) विकास साझेदारले कार्यक्रम दस्तावेज बमोजिम कार्यक्रमको स्वतन्त्र परीक्षण तथा गुणस्तर सुनिश्चितता सम्बन्धी कार्य गर्नसक्नेछ ।

(६) आयोजनाको मध्यावधि मूल्याङ्कन परियोजना दस्तावेज बमोजिम स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरिनेछ ।

(७) परियोजना संचालन भएका स्थानीय तहको बार्षिक कार्यसम्पादन मूल्याङ्कन गरिनेछ ।

(८) कार्यसम्पादन मूल्याङ्कन टोलीमा मन्त्रालय वा परियोजना समन्वय एकाई र परियोजना सहयोग एकाईका कर्मचारी सम्मिलित हुनेछन् ।

(९) कार्यसम्पादन मूल्याङ्कनको प्रतिवेदन परियोजना सहयोग एकाईले तयार पारी परियोजना समन्वय एकाई मार्फत सुपरिवेक्षण समितिमा पेश गर्नेछ।

(१०) वार्षिक कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदनमा स्थानीय तहले प्राप्त गरेको अङ्क आगामी आर्थिक बर्षको लागि बजेट तथा कार्यक्रमको सीमा निर्धारणको लागि आधारको रुपमा लिन सकिनेछ ।

(११) स्थानीय तहमा संचालित आयोजना तथा कार्यक्रमको स्थानीय तह र परियोजना सहयोग एकाईको संयुक्त टोलीले अनुगमन गर्नेछ ।

## परिच्छेद - ८

## विविध

१९. <u>बालबालिका श्रममा लगाउन नपाईने:</u> परियोजनाको कार्यक्रमको कुनैपनि गतिविधिमा कानूनमा तोकिएका भन्दा कम उमेरका बालबालिकालाई कामदार वा श्रमिकको रूपमा प्रयोग गर्न पाईने छैन ।

सहसचिव

२०. **ठगी तथा अनियमितता र यौन शोषण, दुर्व्यवहार तथा उत्पिडन को रोकथाम एवं कानूनी उपचार सम्बन्धी व्यवस्था:** मन्त्रालयले परियोजना कार्यान्वनमा संलग्न कुनैपनि व्यक्ति वा संस्थाबाट हुनसक्ने ठगी तथा अनियमितता र यौन शोषण, द्रुव्यवहार तथा उत्पिडनको रोकथाम एवं आवश्यक कानूनी उपचारको लागि प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नेछ ।

२१. **प्रचलित कानून बमोजिम हुने:** (१) यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधिको व्यवस्था अन्य प्रचलित कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ ।

२२. **परियोजना निलम्बन वा बहिर्गमन हुन सक्ने:** परियोजनाको काममा उल्लेख्य रुपमा ढिलाइ हुन गएमा वा कामको गुणस्तर कायम हुन नसकेमा वा स्थानीय तहमा उत्पन्न विवाद समाधान हुन नसकी परियोजनाका कार्यक्रमहरु अगाडी बढ्न नसकेमा वा परियोजनाको कोषको दुरुपयोग वा फरक शिर्षकमा खर्च गरेमा परियोजना सहयोग एकाई तथा अन्य अधिकार प्राप्त निकायको सिफारिस प्रतिवेदनको आधारमा सुपरिवेक्षण समितिले त्यस्तो स्थानीय तहमा परियोजनाका कामहरु निलम्बन गर्ने वा रकम निकासा रोक्का गर्ने वा परियोजना बहिर्गमन सम्म गर्न सक्नेछ।

२३. **दिगोपना र मर्मतसंभार:** परियोजना तथा कार्यक्रमको दिगोपना र मर्मतसंभारको लागि प्रत्येक आर्थिक वर्षको वार्षिक बजेट र कार्यक्रममा स्थानीय तहले आवश्यक व्यवस्था गर्नुपर्नेछ ।

२४. **बाधा अड्काउ फुकाउन सक्ने:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) आर्थिक वर्ष २०८१/०८२ बाट परियोजना सञ्चालनका लागि भएका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

सहसचिव

अनुसूची - १

(दफा ६(३) सँग सम्बन्धित)

## स्थानीय तह छनौटका आधार र अङ्कभार

| क.सं | मपदण्ड | सुचकहरु | अंकभार | प्राप्ताङ्क | प्रमाणीकरणको स्रोत |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा तयार परियोजनाको काम गर्ने क्षेत्र सम्वन्धित योजनाहरु (१२)<br>(प्राप्ताङ्क सवै सुचकहरुको योगफल) | स्थानीय तहमा NWASHMIS अनुसार वाश योजना तयार भै कार्यान्वयन अवस्थामा रहेको | ३ | | स्थानीय तहको वेवसाइट, योजनाको को प्रति, www.nwash.gov.np, फिल्ड जाँच |
| | | नेपाल सरकारका निकायका निर्देशिका सुनिश्चित गरी स्थानीय तहमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) वा स्थानीय अनुकुलन कार्ययोजना (LAPA) वा जलवायु वा बिपद व्यवस्थापन सम्वन्धि अन्य कुनै योजना मध्य कुनै एक योजना तयार भै बकार्यान्वयन अवस्थामा रहेको | ३ | | स्थानीय तहको वेवसाइट, योजनाको को प्रति, फिल्ड जाँच |
| | | स्थानीय तहमा नेपाल सरकारका निकायका निर्देशिका सुनिश्चित गरी कृषि सम्वन्धि योजना वा भूमि उपयोग सम्वन्धि योजना मध्य कुनै एक योजना तयार भै कार्यान्वयन अवस्थामा रहेको | २ | | स्थानीय तहको वेवसाइट, योजनाको को प्रति, फिल्ड जाँच |
| | | स्थानीय तहमा नेपाल सरकारका निकायका निर्देशिका सुनिश्चित गरी जलउपयोग गुरु योजना वा जलाधार क्षेत्र सम्वन्धि योजना मध्ये कुनै एक योजना तयार भै कार्यान्वयन अवस्थामा रहेको | २ | | स्थानीय तहको वेवसाइट, योजनाको को प्रति, फिल्ड जाँच |
| | | स्थानीय तहको आवधिक योजना/MTEF तयार भै कार्यान्वयन अवस्थामा रहेको | २ | | स्थानीय तहको वेवसाइट, योजनाको को प्रति, फिल्ड जाँच |
| २ | परियोजना अन्तर्गतका निर्माण सम्बन्धी योजना कार्यान्वयनको लागि स्थानीय तहको लागत | ३१% भन्दा माथि लागत साझेदारी गर्न प्रतिवद्ध | १८ | | प्रतिवद्धता पत्र तथा कार्यपालिका निर्णय |
| | | २६ देखि ३०% लागत साझेदारी गर्न प्रतिवद्ध | १५ | | प्रतिवद्धता पत्र तथा कार्यपालिका निर्णय |
| | | २० देखि २५% लागत साझेदारी गर्न प्रतिवद्ध | १२ | | |



सहसचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | साझेदारी प्रतिवद्धता (१८)<br>(४ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क) | २०% भन्दा कम लागत साझेदारी गर्न प्रतिवद्ध | ० | | प्रतिवद्धता पत्र तथा कार्यपालिका निर्णय |
| ३ | खानेपानी सुविधाको लागि स्थानीय तहमा परियोजनाको आवश्यकता (१५)<br>(५ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क) | ३०% वा सो भन्दा कम जनसंख्या मात्र लाभान्वित भएको | १५ | | २०७८को जनगणनाको तथ्याङ्क, स्थानीय तहको प्रोफाइल तथा फिल्ड जाँच |
| | | ३१% देखि ४९ % जनसंख्या मात्र लाभान्वित भएको | १२ | | |
| | | ५०% देखि ६९ % जनसंख्या मात्र लाभान्वित भएको | ९ | | |
| | | ७०% देखि ७९ % जनसंख्या लाभान्वित भएको | ६ | | |
| | | ८०% र सो भन्दा बढी जनसङ्ख्या जनसंख्या लाभान्वित भएको | ० | | |
| ४ | सिँचाई सुविधाको लागि स्थानीय तहमा परियोजनाको आवश्यकता (१५)<br>(५ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क) | कुल सिँचाई योग्य जमिनको ३०% वा सो भन्दा कम जमिन सिन्चित भएको | १५ | | २०७८को जनगणनाको तथ्याङ्क, स्थानीय तहको प्रोफाइल तथा फिल्ड जाँच |
| | | कुल सिँचाई योग्य जमिनको ३१% देखि ४९% जमिन सिन्चित भएको | १२ | | |
| | | कुल सिँचाई योग्य जमिनको ५०% देखि ६९% जमिन सिन्चित भएको | ९ | | |
| | | कुल सिँचाई योग्य जमिनको ७०% देखि ७९% जमिन सिन्चित भएको | ६ | | |
| | | कुल सिँचाई योग्य जमिनको ८०% र सो भन्दा बढी बढी जमिन सिन्चित भएको | ० | | |
| ५ | स्थानीय तहमा विकास साझेदार संगको साझेदारीमा समान प्रकृतिका परियोजनाहरुको सक्रियता (१०) | कुनै पनि परियोजना नभएको | १० | | सरोकारवाला नक्शांकन तथा फिल्ड जाँच |
| | | एउटा मात्र परियोजना भएको | ५ | | |
| | | एक भन्दा बढि परियोजना सक्रिय भएको | ० | | |



सहसचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | (३ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क) | | | | |
| ६ | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण पक्ष (५) (४ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क)) | स्थानिय तहमा दलित/जनजातीको अनुपात २०% वा सो भन्दा बढि बढी रहेको | ५ | | २०७८ को जनगणनाको तथ्याङ्क तथा फिल्ड जाँच |
| | | दलित/जनजातीको अनुपात १५ देखि १९% रहेको | ३ | | |
| | | दलित/जनजातीको अनुपात ११%-१४% भन्दा कम रहेको | २ | | |
| | | दलित/जनजातीको अनुपात १०%-सम्म रहेको | १ | | |
| ७ | अपाङ्गता भएका व्यक्तिहरुको प्रतिशत (५) (३ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क) | अपाङ्गता भएका व्यक्तिहरुको प्रतिशत राष्ट्रिय औषतभन्दा बढी रहेको | ५ | | २०७८ को जनगणनाको तथ्याङ्क तथा फिल्ड जाँच |
| | | अपाङ्गता भएका व्यक्तिहरुको प्रतिशत राष्ट्रिय औषत बराबर रहेको | ३ | | |
| | | अपाङ्गता भएका व्यक्तिहरुको प्रतिशत राष्ट्रिय औषत भन्दा कम रहेको | ० | | |
| ८ | समजलाधार तथा स्थानीय तह समूहीकरण (१०) (४ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क) | प्रस्तावना पेश गर्ने वा परियोजना लागु भै रहेका मध्य ३ वा ३ भन्दा बढी स्थानीय तह एउटै जलाधार वा जिल्लामा पर्ने र एक अर्कामा सिमाना जोडिएका | १० | | GIS नक्शा विश्लेषण तथा फिल्ड जाँच |
| | | प्रस्तावना पेश गर्ने वा परियोजना लागु भै रहेका मध्य २ वटा स्थानीय तह एउटै जलाधार वा जिल्लामा पर्ने र एक अर्कामा सिमाना जोडिएका | ८ | | |
| | | सिमाना नजोडिने तर परियोजना लागु भैरहेका वा प्रस्तावना पेश गरेका २ वा २ भन्दा बढी स्थानिय तह रहेको एउटै जलाधार वा जिल्लामा पर्ने | ५ | | |
| | | कसै सँग सिमाना पनि नजोडिने र समान जलाधार क्षेत्र वा जिल्लामा पनि नपर्ने | ० | | |

सहसचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) (५)<br><br>(५ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क) | आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन औसत प्रासाङ्क ९५.०० वा सो भन्दा बढी भएको | ५ | | मन्त्रालयको वेब साइट https://lisa.mofaga.gov.np/ |
| | | आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन औसत प्रासाङ्क ९०.०० देखि ९४.९९ सम्म भएको | ४ | | |
| | | आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन औसत प्रासाङ्क ८५.०० देखि ८९.९९ सम्म भएको | ३ | | |
| | | आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन औसत प्रासाङ्क ८० देखि ८४.९९ सम्म भएको | २ | | |
| | | आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन औसत प्रासाङ्क ७५ देखि ७९.९९ सम्म भएको | १ | | |
| | | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन औसत प्रासाङ्क ७४.९९ भन्दा कम भएको | ० | | |
| १० | बहुआयामिक असमानता सूचकाङ्क (MDI) (५)<br><br>(६ मध्य कुनै एक सुचक श्रेणीको प्रासाङ्क) | ०.५०० र सो भन्दा बढी | ५ | | राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग, A study on Social, Economic and Other Forms of Disparity in Provinces and Local Levels in Nepal (2019)<br><br>https://nnrfc.gov.np/ |
| | | ०.४५० देखि ०.४९९ सम्म | ४ | | |
| | | ०.४०० देखि ०.४४९ सम्म | ३ | | |
| | | ०.३५० देखि ०.३९९ सम्म | २ | | |
| | | ०.३०० देखि ०.३४९ सम्म | १ | | |
| | | ०.२९९ र सो भन्दा कम | ० | | |
| | | जम्मा | १०० | | |

सहसचिव

अनुसूची
(दफा ७ (१) सँग सम्बन्धित)

# स्थानीय तह छनौटको लागि प्रस्तावना आह्वान सुचनाको ढाँचा

## जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यान्वयनका लागि प्रस्तावना आह्वान

(प्रथम पटक प्रकाशित मितिः ......................)

नेपाल सरकार र फिनल्यान्ड सरकारको संयुक्त लगानी तथा युरोपियन युनियनको सह-आर्थिक सहयोगमा सञ्चालित जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) सन् २०२४ मे २१ मा हस्ताक्षर भइ द्विपक्षीय सम्झौताका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत कार्यान्वयन भइरहेको छ।

परियोजनाको उद्देश्य जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनमा टेवा पु-याउन भू-उपयोग, एकीकृत जलस्रोत व्यवस्थापन, वन पैदावर स्रोत संरक्षण, वातावरणीय व्यवस्थापन, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम मार्फत स्थानीय तहलाई प्रत्यक्ष सहयोग पुऱ्याउनु हो।

हाल आर्थिक वर्ष २०८१/८२ देखि सुदूरपश्चिम प्रदेशका १२ र कर्णाली प्रदेशका २ स्थानीय तहमा परियोजना लागु भइसकेको छ। आगामी आर्थिक वर्ष २०८२/८३ देखि परियोजना कार्यान्वयनका लागि बाँकी स्थानीय तहहरुको छनौट गर्न सुदूरपश्चिम र कर्णाली प्रदेशका इच्छुक स्थानीय तहहरूबाट तोकिएको ढाँचामा प्रस्तावना पेश गर्न आह्वान गरिएको छ। प्रस्तावना पेश गर्ने स्थानीय तहहरू नेपाल सरकार स्रोतमा मात्र सञ्चालित कार्यक्रमबाहेक अन्य विकास साझेदारको सहयोगमा सञ्चालन भएका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) वा युरोपेली यूनियन तथा फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित सबैको लागि खानेपानी तथा सरसफाइ आयोजना (SUSWA) वा यस्तै समान प्रकृतिका परियोजनाहरु कार्यान्वयन नभएको र परियोजनाले कार्यान्वयन गर्ने पूँजीगत शीर्षकमा कम्तीमा २० प्रतिशत लागत साझेदारी गर्न प्रतिबद्ध भएका स्थानीय तह हुनुपर्नेछ।

प्रस्तावनाको ढाँचा ........................लिंकमा उपलब्ध छ वा secretary@laccp.org.np मा अनुरोध गरी प्राप्त गर्न सकिनेछ।

सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहाय बमोजिमको ठेगानामा सीलबन्दी सक्कलप्रति पेश गर्नु हुन वा स्क्यान प्रति (PDF) तल उल्लेखित इमेल मार्फत पनि पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**पेश गर्ने ठेगानाः**

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना
परियोजना सहयोग एकाइ
वीरेन्द्रनगर–८, खजुरा, सुर्खेत
Email: LACCproject@laccp.org.np
Web: www.laccp.org.np
फोनः ०८३-५९०४६८

सहसचिव

# अनुसूची

## (दफा ७ [illegible] सम्बन्धित)

## स्थानीय तहले पेश गर्ने प्रस्तावको ढाँचा

१) प्रस्ताव पेश गर्ने स्थानीय तहको नामः ........................... २) जिल्लाः ............................

३) प्रदेशः ........................... ४) स्थानीय तह अवस्थित जलाधार क्षेत्र(हरु): ....................................................

५) स्थानीय तहको घरधुरी तथा जनसंख्या सम्बन्धी जानकारी

| जम्मा घरधुरी | जम्मा जनसंख्या | दलित | | जनजाती | | अपाङ्गता भएका व्यक्ति | | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | प्रतिशत | घरधुरी संख्या | प्रतिशत | संख्या | कुल जनसंख्याको प्रतिशत | |
| | | | | | | | | |

६) स्थानीय तहमा तयार परियोजनाको काम गर्ने क्षेत्र सम्वन्धित योजनाहरुको उपलव्धताको अवस्था

| क.स. | योजना समुह | योजनाको नाम (मिति, अवधि खुल्ने गरी | पुस्ट्याईको स्रोत ( वेवसाइट, छापिएको प्रति भएको आदि) |
|---|---|---|---|
| १. | स्थानीय तहमा NWASHMIS अनुसार वाश योजना तयार भै बहाल अवस्थामा रहेको ☐छ ☐ छैन् । यदि छ भने १.१ मा नाम, तयार गरिएको मिति, बहाल अवधि र पुस्टयाईको स्रोत उल्लेख गर्नुहोस् । | | |
| १.१ | | | |
| | | | |
| २ | नेपाल सरकारका निकायका निर्देशिका सुनिश्चित गरी स्थानीय तहमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) वा स्थानीय अनुकुलन कार्ययोजना (LAPA) वा जलवायु वा बिपद व्यवस्थापन सम्वन्धि अन्य कुनै योजना मध्य कुनै एक योजना तयार भै बहाल अवस्थामा रहेको ☐छ ☐ छैन् । यदि छन् भने तल योजना तथा रणनितिको नाम, तयार गरेको मिति, बहाल अवधि र पुस्ट्याईको स्रोत उल्लेख गर्नुहोस् । | | |
| २.१ | | | |
| | | | |
| ३. | स्थानीय तहमा नेपाल सरकारका निकायका निर्देशिका सुनिश्चित गरी कृषि सम्वन्धि योजना वा भूमि उपयोग सम्वन्धि योजना मध्य कुनै एक योजना तयार भै बहाल अवस्थामा रहेको ☐छ ☐ छैन् । यदि छन् भने तल योजना तथा रणनितिको नाम, तयार गरेको मिति, बहाल अवधि र पुस्ट्याईको स्रोत उल्लेख गर्नुहोस् । | | |
| ३.१ | | | |
| | | | |
| ४. | स्थानीय तहमा नेपाल सरकारका निकायका निर्देशिका सुनिश्चित गरी जलउपयोग गुरु योजना वा जलाधार क्षेत्र सम्वन्धि योजना मध्य कुनै एक योजना तयार भै बहाल अवस्थामा रहेको ☐छ ☐ छैन् । यदि छन् भने तल योजना तथा रणनितिको नाम, तयार गरेको मिति, बहाल अवधि र पुस्ट्याईको स्रोत उल्लेख गर्नुहोस् । | | |



सहसचिव

| | | | |
|---|---|---|---|
| ४.१ | | | |
| | | | |
| ५. | स्थानीय तहको आवधिक योजना तयार भै बहाल अवस्थामा रहेको □छ □ छैन् । यदि छन् भने तल योजना तथा रणनितिको नाम, तयार गरेको मिति, बहाल अवधि र पुस्टयाईको स्रोत उल्लेख गर्नुहोस् । | | |
| ५.१ | | | |

७) यदि स्थानीय तह परियोजना कार्यान्वयनको लागि छनौट भएमा परियोजना अन्तर्गतका पुजीगत शिर्षक सम्बन्धी कुल लागतमा हुने लागत साझेदारी को प्रतिवद्धता (प्रतिशतमा) तालिकामा उल्लेख गर्नुहोस् । *-पुश्टयाईको लागि कार्यपालिकाको निर्णयको प्रतिलिपि अनुसुचीमा संलग्न गर्नु पर्ने*

| अङ्कमा | अक्षरमा |
|---|---|
| | |

८) आधारभूत खानेपानी सुविधाबाट लाभान्वित जनसंख्याको प्रतिशत तालिकामा उल्लेख गर्नुहोस् । - *पुष्टि गर्ने दस्तावेज अनुसुचीमा संलग्न गर्ने वा उपलब्ध हुने स्थान वा पुस्टयाईको स्रोत उल्लेख गर्ने ।*

| अङ्कमा | अक्षरमा |
|---|---|
| | |

९) स्थानीय तहको कुल सिँचाइ योग्य भूमी मध्ये सिँचाई सुविधा उपलब्ध भएको भूमी प्रतिशत तालिकामा उल्लेख गर्नुहोस् । *पुष्टि गर्ने दस्तावेज अनुसुचीमा संलग्न गर्ने वा उपलब्ध हुने स्थान वा पुस्टयाईको स्रोत उल्लेख गर्ने ।*

| अङ्कमा | अक्षरमा |
|---|---|
| | |

१०) स्थानीय तहमा स्थानीय तहमा समान प्रकृतिका परियोजनाहरुको सक्रियता तालिकामा उल्लेख गर्नुहोस् । ( खानेपानी, वातावरण, प्राकृतिक स्रोत व्यवस्थापन तथा अन्य ग्रामीण विकाससँग सम्बन्धित परियोजनाको विवरण)

| क्र.सं. | परियोजना वा कार्यक्रमको नाम | कार्यरत वडाहरु | कार्यक्रमको प्रकार | दातृसंस्था | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |



सहसचिव

११) एउटै जलाधार क्षेत्र वा एउटै जिल्ला भित्र पर्ने अन्य छिमेकी स्थानीय तहहरुको विवरण *(उक्त स्थानीय तह सँग आफ्नो सिमाना जोडिए नजोडिएको कैफियतमा उल्लेख गर्ने)*

| क्र.सं. | छिमेकी स्थानीय तहहरुको नाम | जलाधारको नाम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**१२) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा आर्थिक वर्ष २०८०/०८१ मा औसत प्राप्ताङ्क:** ..........................

*(पुष्टि गर्ने दस्तावेज अनुसुचीमा संलग्न गर्ने वा उपलब्ध हुने स्थान वा पुस्ट्याईको स्रोत उल्लेख गर्ने)*

**१३) बहुआयामिक असमानता सूचकाङ्क (MDI) मा स्थानिय तहको अङ्क:** .....................

*(पुष्टि गर्ने दस्तावेज अनुसूचीमा संलग्न गर्ने वा उपलब्ध हुने स्थान वा पुस्ट्याईको स्रोत उल्लेख गर्ने)*

माथि उल्लेखित विवरणहरु साँचा हुन, फिल्ड जाँच तथा उल्लेखित स्रोतको प्रमाणीकरण वा सत्यापनको क्रममा मेल नखाएमा वा पुष्टी हुन नसकेमा पेश गरेको प्रस्तावना रद्द हुने कुरामा स्थानीय तह मन्जुर छ।

(प्रस्तावनाका हरेक पाना  कार्यालयको छाप र दस्तखत सहित प्रमाणित गर्ने)

**प्रस्तावना पेश गर्ने:**

दस्तखत: ..................................................

नाम थर: ..................................................

पद: ..................................................

कार्यालयको छाप: ..................................................

सहसचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प्रस्तावना ढाँचाको अनुसूचि विवरण

१ कार्यपालिकाको निर्णयको प्रतिलिपि

२

३

४

५

सहसचिव

अनुसूची -४

(दफा ७ ([illegible]) संग सम्बन्धित)

# जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

..................... गाउँपालिका, गाउँ/नगर कार्यपालिकाको कार्यालय, ........

र

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

वीचको

# समझदारी पत्र

मितिः

स्थानः



सहसचिव

## प्रारम्भः

नेपाल सरकार र फिनल्याण्ड सरकारको संयुक्त वित्तीय लगानी तथा युरोपियन युनियनको सह-आर्थिक अनुदानमा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACCP) कार्यान्वयन गर्न नेपाल सरकार र फिनल्यान्ड सरकार बीच २१ मे २०२४ मा सम्झौता भएको छ । उक्त परियोजना कार्यान्वयनका लागि स्वीकृत परियोजना दस्ताबेजमा भएको ब्यबस्था बमोजिम तीन तहका सरकार बीच (नेपाल सरकार, सुदूरपश्चिम र कर्णाली प्रदेश तथा छनौट गरिएका स्थानीय तह) जलवायु उत्थानशिल तथा यसका असर न्यूनीकरणमा सहयोग गर्ने उद्देश्यले भूमि उपयोग योजना तथा व्यवस्थापन, एकीकृत जलस्रोत व्यवस्थापन,वन पैदावर स्रोत व्यवस्थापन, वातावरणीय संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण कार्यक्रममा प्रत्यक्ष सहयोग पुर्याउने गरी स्थानीय तहबाट प्रस्ताव भइ सुपरिवेक्षण समितिले स्वीकृत गरेका कार्यक्रम संचालन गरिनेछ ।

यो समझदारी पत्र ........... गाउँपालिका/नगरपालिका, गाउँ/नगर कार्यपालिकाको कार्यालय (यसपछि गाउँपालिका/ नगरपालिका भनिने) र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (यसपछि मन्त्रालय भनिने) बीच जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना सन् २०२९ सम्म कार्यान्वियन गर्ने गरी देहायका शर्तको अधिनमा रही संयुक्त समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

## १. गाउँपालिका/ नगरपालिका को भूमिका र जिम्मेवारीहरुः

क. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत सञ्चालन गर्ने कार्यक्रम कार्यान्वियनका लागि गाउँपालिका र उपभोक्ता समितिले गर्नुपर्ने सहलागानिको अंशको सुनिश्चितता गाउँपालिकाले गर्नुपर्नेछ।

ख. यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजना छनौट गर्दा परियोजना दस्तावेज (भूमि उपयोग योजना तथा व्यवस्थापन, एकीकृत जलस्रोत व्यवस्थापन, वन पैदावर स्रोत व्यवस्थापन, वातावरणीय संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण) का विषयक्षेत्रमा पर्नेगरी छनौट गर्नुपर्नेछ।

ग. कार्यक्रम र योजना छनौट गर्दा गाउँपालिकाले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को प्रक्रियाबमोजिम आयोजनाको छनौट गरी आफ्नो वार्षिक वजेट तथा कार्यक्रममा समावेश गर्नुपर्नेछ र सभाबाट स्वीकृत गराई तोकिएको समय र ढाँचामा मन्त्रालयमा पेश गर्नुपर्नेछ।

घ. परियोजनाको बजेट तथा योजना तर्जुमा र कार्यान्वयनका क्रममा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) लाई प्राथमिकता सहित जलवायु उत्थानशीलता, न्यून कार्बन उत्सर्जनयुक्त विकास, जैविक विविधताको संरक्षण तथा वातावरणीय संरक्षणका पक्षहरूलाई समेत विशेष ध्यान दिनुपर्नेछ।

ङ. कार्यक्रम तथा आयोजना छनौट गर्दा दीर्घकालीन प्रभाव पार्ने र स्थानीय तहको अधिकतम लागत सहभागिताको सुनिश्चितता भएका आयोजनालाई प्राथमिकता दिनुपर्नेछ।

च. गाउँपालिकाले आयोजनाको छनौट तथा प्राथमिकीकरण गर्दा आवधिक योजना, बिषय क्षेत्रगत योजना, स्थानीय तहको आयोजना बैंक, मध्यमकालीन खर्च संरचना एवम् आफूले तय गरेको जल उपयोग गुरुयोजना (WUMP), जीविकोपार्जन सुधार योजना, N-WASH, स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्ययोजना (LDCRF), कृषि, वनसँग सम्बन्धित योजना तथा रणनीतिहरु, लैङ्गिक उत्तरदायी योजना तथा रणनीति, जस्ता दस्ताबेजलाई मूल आधार लिनु पर्नेछ ।



सहसचिव

छ. एउटै आयोजनामा यस कार्यक्रमबाहेक अन्य श्रोतको पनि लगानी हुने हुँदा त्यस्तो आयोजनाको श्रोतहरू पहिचान गरी एकमुष्ट खर्चको विवरणको अभिलेखीकरण र प्रतिवेदन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ। कार्यक्रमबाट सहलगानी भएका आयोजनाको श्रोतगत बजेट तथा खर्च विवरण सहितको कार्यक्रमको प्रगति प्रतिवेदन मासिक, त्रैमासिक तथा वार्षिक रुपमा गाउँपालिकाले मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

ज. यस परियोजना अन्तर्गत गाउँपालिकालाई सङ्घीय सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त रकम यसै परियोजनामा स्वीकृत कार्यक्रम तथा आयोजनामा मात्र खर्च गर्न सकिने छ।

झ. कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्दा प्रचलित कानुन तथा स्वीकृत परियोजना दस्तावेज अनुरुपका विपरित कुनै क्रियाकलाप नभएमा मन्त्रालयले अनुदान निकासा रोक्का राख्न सक्नेछ ।

ञ. यस कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलापको गुणस्तर सुनिस्चित गर्ने, अनुगमन-मूल्यांकन तथा प्रतिवेदन गर्ने र कानून अनुसार लेखापरीक्षण गराउने जिम्मेवारी गाउँपालिकाको हुनेछ |

ट. गाउँपालिकाले परियोजना प्रतिनिधिको रोहवरमा उपभोक्ता समिति/समूहहरू सँग गरिएको छुट्टै द्वीपक्षीय सम्झौता अनुसार आयोजना कार्यान्वयन गर्नुपर्नेछ।

ठ. गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको वार्षिक बजेट कार्यक्रममा आयोजनाको दिगोपना र मर्मत सम्भारको लागि आवश्यक व्यवस्था मिलाउनुपर्नेछ।

ड. सम्बन्धित स्थानीय तहले परियोजनाका बिकास गतिविधिको कार्यान्वयनको लागि कार्यपालिकालाई सहयोग गर्न गाउँपालिका अध्यक्षको नेतृत्वमा देहाय अनुसार परियोजना व्यवस्थापन समिति (PMC) गठन गर्नुपर्नेछः

<u>परियोजना व्यवस्थापन समिति (PMC) संरचना</u>

| | |
|---|---|
| प्रमुख/अध्यक्ष | अध्यक्ष |
| उपप्रमुख/उपाध्यक्ष | सदस्य |
| कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य (महिला) | सदस्य |
| पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| परियोजना प्राविधिक सहायता सल्लाहकार | सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार अन्य विषयगत समिति संयोजक, LACCP परियोजना अधिकृत, सम्वन्धित एकाई तथा शाखा प्रमुख लगायत अन्य सहभागीहरू आमन्त्रण गर्न सक्ने छ ।

(२) परियोजना व्यवस्थापन समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । बैठक सञ्चालन, निर्णय प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।



सहसचिव

ढ. उपाध्यक्षको अध्यक्षतामा रहेको अनुगमन समितिले परियोजनाको समेत अनुगमन गर्नुपर्नेछ। अनुगमन समितिले परियोजनाको चरणबद्ध कार्यपद्दति र अनुगमन निर्देशिका अनुसार सबै परियोजना गतिविधिको अनुगमन गर्नुपर्नेछ।

ण. स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनको लागि पर्याप्त कर्मचारीको व्यवस्था गर्नुपर्नेछ। यस उद्देश्यका लागि गाउँपालिकाले आफ्ना स्थायी कर्मचारी मध्येबाट सम्बन्धित काममा तालिम तथा दक्षता हासिल गरेको कुनै निश्चित कर्मचारीलाई जिम्मेवारी तोक्नसक्नेछ ।

## २. मन्त्रालयको भूमिका र जिम्मेवारीहरु:

क. तीनतहका सरकारवीच र अन्तरनिकाय समन्वय गर्ने ।

ख. द्विपक्षिय सम्झौतामा भएको व्यवस्था बमोजिम संस्थागत संरचनामा समन्वय गर्ने ।

ग. राष्ट्रिय परियोजना निर्देशकको सचिवालय व्यवस्थपन गर्ने ।

घ. परियोजना अन्तर्गत स्थानीय तहबाट सञ्चालन गरिने आयोजना कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहलाई आवश्यक सहयोग एवम् समन्वय गर्ने ।

ङ. परियोजना सुपरिवेक्षण समितिको निर्णय कार्यान्वयनका लागि आवश्यक समन्वय एवम् निर्णय गर्ने ।

च. परियोजनाको प्रभावकारी कार्यान्वयनको लागि यूरोपेली युनियन र फिनल्याण्ड सरकारसँग आवश्यक समन्वय गर्ने ।

छ. परियोजना कार्यान्वयनमा समग्र समन्वय, सहजीकरण, अनुगमन एवम् दिशानिर्देश गर्ने ।

झ. परियोजना कार्यान्वयनका लागि द्विपक्षिय सम्झौता बमोजिम श्रोत परिचालन, बजेट तथा कार्यक्रम छनौट र कार्यान्वयनमा सहजीकरण गर्ने ।

## ३. यसै समझदारीको अभिन्न अंग मानिने:

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना कार्यालयसँग स्थानीय तहले गर्ने सम्झौता तथा परियोजना सुपरिवेक्षण समितिका निर्णय तथा निर्देशिका र मन्त्रालयबाट समय समयमा हुने परियोजना सम्बन्धी निर्णय यसै समझदारीको अभिन्न अंगका रुपमा रहने छ ।

## ४. मन्त्रालयको निर्णय अन्तिम हुने:

यदि यस समझदारीपत्रका कुनै वुँदा तथा प्राबधानहरुमा परिमार्जन, संशोधन वा हटाउनु पर्ने आवश्यकता परेको खण्डमा द्विपक्षिय सम्झौता तथा परियोजना दस्तावेजमा भएको व्यवस्था बमोजिम थप स्पष्ट पारिनेछ । परियोजना कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा परियोजना सुपरिवेक्षण समितिको निर्णय वमोजिम भएको सिफारिसका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ ।



सहसचिव

*स्थानीय तहको तर्फबाट*

हस्ताक्षरः ________________

नामः ....................

पदः प्रमुख प्रशासकीय अधिकृत

कार्यालयको छाप

*मन्त्रालयको तर्फबाट*

हस्ताक्षरः ________________

नामः ..............................

पदः उपसचिव

मन्त्रालयको छाप

*रोहबर*

हस्ताक्षरः ________________

नामः ..............................

पदः गाउँपालिका/ नगरपालिका अध्यक्ष/ प्रमुख

कार्यालयको छाप

*रोहबर*

हस्ताक्षरः ________________

नामः ..............................

पदः सचिव/प्रदेश परियोजना सन्योजक

भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार/ जलस्रोत तथा उर्जा विकास मन्त्रालय, कर्णाली प्रदेश

हस्ताक्षरः ________________

नामः

टीम लिडर, जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना

परियोजनाको छाप

मिति .................... गते, ..........(स्थान) ।

सहसचिव

## अनुसूची-५

(दफा ७ (४) सँग सम्बन्धित)

### परियोजना सञ्चालनका लागि आ.व. २०८१/८२ बाट छनौट भएका स्थानीय तहहरुको सूची

| क.सं. | स्थानीय तहको नाम | जिल्ला | प्रदेश |
| --- | --- | --- | --- |
| १ | महाबु गाउँपालिका | दैलेख | कर्णाली |
| २ | डुङ्गेश्वर गाउँपालिका | दैलेख | कर्णाली |
| ३ | अपिहिमाल गाउँपालिका | दार्चुला | सुदूरपश्चिम |
| ४ | मार्मा गाउँपालिका | दार्चुला | सुदूरपश्चिम |
| ५ | नौगाड गाउँपालिका | दार्चुला | सुदूरपश्चिम |
| ६ | डिलासैनी गाउँपालिका | बैतडी | सुदूरपश्चिम |
| ७ | पञ्चेश्वर गाउँपालिका | बैतडी | सुदूरपश्चिम |
| ८ | शिवनाथ गाउँपालिका | बैतडी | सुदूरपश्चिम |
| ९ | तलकोट गाउँपालिका | बझाङ्ग | सुदूरपश्चिम |
| १० | छबीस पाथिभेरा गाउँपालिका | बझाङ्ग | सुदूरपश्चिम |
| ११ | गौमूल गाउँपालिका | बाजुरा | सुदूरपश्चिम |
| १२ | रामारोशन गाउँपालिका | अछाम | सुदूरपश्चिम |
| १३ | तुर्माखाँद गाउँपालिका | अछाम | सुदूरपश्चिम |
| १४ | चुरे गाउँपालिका | कैलाली | सुदूरपश्चिम |

सहसचिव

अनुसूची [illegible]

(दफा [illegible] संग सम्बन्धित)

वार्षिक बजेट तथा कार्यक्रमको ढाँचा

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

वार्षिक बजेट तथा कार्यक्रम

आ व .................

प्रदेशको नाम ............................ जिल्लाको नाम ............................ स्थानीय तहको नाम ......................... स्थानीय तहको कोड ...

बजेट रकम हजारमा ('०००)

| सिन | बजेट शिर्षकन | खर्च शिर्षक | वडा न | टोल/वस्ती को नाम | योजना/क्रियाकलाप संख्या | घरधुरी | जनसंख्या | नतिजा क्षेत्र न | खर्चको प्रकार (पुँजिगत /चालु कोड) | क्रियाकलाप/ योजनाको नाम | योजनाको प्रकार (नयाँ/ पुनर्निर्माण) | नेपाल सरकार बजेट | फिनल्याण्ड सरकार/इयु बजेट | स्थानीय तह बजेट | समुदाय को योगदान | जम्मा बजेट LMBIS (नेपाल सरकार+फिनल्याण्ड सरकार/इ यु) | कुल जम्मा बजेट (नेपाल सरकार+फिनल्याण्ड सरकार+पालिका+समुदाय) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.जलवायु उत्थानशील कृषि तथा कृषिवन सम्बन्धि क्रियाकलापहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| २.जलवायु उत्थानशील सिंचाइ योजना सम्बन्धि क्रियाकलापहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| ३. सुधारिएको चुलो/सुधारिएको घट्ट सम्बन्धि क्रियाकलापहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| ४.वन समुहहरु तथा प्राकृतीक स्रोत दिगो व्यवस्थापन सम्बन्धि क्रियाकलापहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| ५. उपभोक्ता समिति र दिगो जलस्रोत व्यवस्थापन अभ्यास सम्बन्धि क्रियाकलापहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| ६. जलवायु उत्थानशील खानेपानी सरसफाइ र बहुपयोगी योजना सम्बन्धि क्रियाकलापहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| ७. स्थानीय तहको क्षमता विकास र सु शासन सम्बन्धि क्रियाकलापहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| ८. ज्ञान सीप साझेदारी तथा प्रसार सम्बन्धि क्रियाकलापहरु | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| क कुल पुँजिगत बजेट जम्मा | | | | | | | | | | | | | | | | | |
| ख कुल चालु कार्यक्रम बजेट जम्मा | | | | | | | | | | | | | | | | | |
| कुल जम्मा बजेट | | | | | | | | | | | | | | | | | |

सहसचिव